**कार्यसूची/छलफलका विषयहरू**

१. गत आवको वडा कार्यालय भवन निर्माण (वडा नं. १,२,६ र ८) ठेक्काको बिल भुक्तानी सम्बन्धमा ।

२. गत आवको डिपिआर बिल रकम भुक्तानी गर्ने सम्बन्धमा ।

३. गत आवको सडक बोर्डसँगको साझेदारी बजेटको रकम भुक्तानी सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा ।

**२०८२/१०/०४ गतेको बैठकको निर्णय**

**निर्णय नं. १:** आर्थिक वर्ष २०८०/८१ को संघीय समपूरक अनुदान र गाउँपालिकाको साझेदारीमा ठेक्का नं. MRM/NCB/WOB/05/081 मार्फत कार्यान्वानयमा रहेको वडा कार्यालय भवन निर्माण (वडा नं. १,२,६ र ८) उक्त आर्थिक वर्षमा कार्य सम्पन्न नभई आर्थि वर्ष २०८१/८२ मा ठेकेदार निर्माण कम्पनी श्री सपनावती निर्माण सेवा (सि.न.पा. ४ ओखलढुंगासँग मिति २०८१/०२/२८ मा म्याद थपको निवेदन प्राप्त भए बमोजमि मिति २०८१/०४/३० को कार्यपालिका बैठकबाट मिति २०८१/०६/३० सम्म (तीन महिना) म्याद थप भएको तर स्रोत सुनिश्चितता नभएको कारण आर्थिक वर्ष २०८१/८२ मा उक्त थपिएको म्याद अविधिमा भएको कामको सम्झौता तथा प्राविधिक मूल्यांकन बमोजिमको रकम भुक्तानी हुन नसकेको र चालु आर्थिक वर्ष २०८२/८३ को गाउँसभाले उक्त भुक्तानी दायित्व प्रयोजनको लागि वडा कार्यलय भवन निर्माण गत आवको बाँकी शिर्षकमा आवश्यक बजेट समेत विनियोजन गरेको सन्दर्भमा हाललाई वडा नं. १ र ८ मा निर्माण भएको वडा कार्यालय भवनको प्राविधिक मूल्यांकन बमोजिमको भुक्तानी बाँकी रकम उक्त बजेट शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** गत आर्थिक वर्ष २०८१/८२ मा राज्यलक्ष्मी मावि र महादेस्थान मावि विद्यालय र होस्टेल डिपिआर शिर्षकमा विनियोजित बजेट रकम रु. १५ लाख रहेको र उक्त बजेटबाट सिलवन्दी कोटेशन MRM/RFP/03/081/082 मार्फत फस्कु ईकोन प्रालिसँग कार्य सम्झौता भई आर्थिक वर्ष २०८१/८२ मा नै कार्य सम्पन्न भई अन्तिम प्रतिवेदन समेत प्राप्त भईसकेको तर उक्त आर्थिक वर्षभित्र विल रकम भुक्तानी हुन नसकेको सन्दर्भमा चालु आर्थिक वर्ष २०८२/८३ को गाउँसभाले विनियोजन गरेको गत आवको भुक्तानी बाँकी बजेट शिर्षकबाट हाललाई महादेवस्थान मावि विद्यालय र होस्टेल डिपिआरको ५०.०४ प्रतिशतले हुन आउने रकम मात्र उक्त बजेट शिषर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** सडक बोर्ड नेपाल र मानेभन्ज्याङ गाउँपालिकाको साझेदारीमा गत आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाको वडा नं. ७ मा सञ्चालित हर्कपुर सातसल्ले सडक मर्मत योजना वडा ७ आयोजनाको गत आर्थिक वर्ष सडक बोर्डबाट पहिलो किस्ता रकम रु. ७ लाख २० हजार मात्र प्राप्त भएको तथा अन्तिम किस्ता रकम माग गरेको तर बोर्डबाट निकासा नभएको र गाउँपालिकाले कन्टिन्जेन्सी शिर्षकबाट आफ्नो साझेदारी रकम भुक्तानी गर्ने गरी स्रोत सुनिश्चित गरेको अवस्थामा गत आर्थिक वर्षको अन्तिम समयमा भुक्तानी प्रणाली सुस्त भई सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी हुन नसकेकोले प्राविधिक मूल्यांकन अनुसारको गत आवको भुक्तानी बाँकी रकम चालु आर्थिक वर्ष २०८२/८३ को बजेट शिर्षक गत आवको भुक्तानी बाँकी दायित्व बजेट शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** मिति २०८२/०९/२६ सशस्त्र प्रहरी वल नेपाल मनसुन प्रतिकार्य सुरक्षा वेश हर्कपुर ओखलढुंगाबाट निवेदक स.प्र.नि. विरेन्द्र कुमार कार्कीको उक्त वेसले मिटर वक्स नं. १३८०२ को मिटर धनी श्री ठाकुर प्रसाद गौतमको घरबाट विद्युत जडान गरी कार्यालय सञ्चालन गरिएको र उक्त अवधिको विद्युत महसुल वापतको रकम रु. ४,९१५ (अक्षरेपी चार हजार नौ सय पन्द्र रुपैयाँ मात्र) भुक्तानी गरिदिनुहुन भनी निवेदन प्राप्त भएकोले उक्त विद्युत महसुल गाउँपालिकको चालु आवको विद्युत महसुल बजेट शिर्षकबाट भुक्तानी गरिदिने निर्णय गरियो ।

CamScanner